# पुतलीबजार नगरपालिका

## टेम्पो अटोरिक्सा,रिक्सा व्यवस्थापन कार्यविधी, २०७५

### प्रमाणिकरण मिति : २०७५/०७/२५

### प्रकाशन मिति : २०७५/०८/०७

**प्रस्तावना**

पुतलीवजार नगरपालिकाको बिशेष गरी भित्री सहरी सडक क्षेत्रमा सञ्चालित यात्रु वहाक ब्यवशायिक टेम्पो, अटोरिक्सा,ई.रिक्सा, रिक्सा लगायतका साना यातायात/सवारी साधनको सञ्चालन अनुमती, रुट निर्धारण, भाडादर निर्धारण, सुरक्षित तथा गुणस्तरिय सेवा प्रवाहा ,पार्किङ लगायतका कार्य ब्यवस्थित तथा नियमन गर्न वाञ्छनीय देखिएकोले पुतलीवजार नगरकार्यपालिकाको मिति २०७५।७।२९को बैठकवाट स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ११ को उपदफा (२)ट,(४) ट र दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधी स्वीकृत गरेको छ ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भ:**

१) यो कार्यविधिको नाम पुतलीवजार नगरपालिकाका टेम्पो अटोरिक्सा,रिक्सा व्यवस्थापन कार्यविधी,२०७५ रहेको छ ।

२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

क) शहरी सडक भन्नाले यस नगरपालिकावाट वनाईएको, विस्तार गरिएको तथा नगरपालिकालाई मर्मत सम्भार गर्न हस्तान्तरण भै आएका सडक समेतलाई सम्झनु पर्दछ ।

ख) यातायातका साधन भन्नाले प्रचलित यस कार्यबिधीको प्रयोजनको लागि नगरपालिकाले व्यवस्थापन गर्न अधिकार प्राप्त गरेका रिक्सा, अटो रिक्सा, ई.रिक्सा, टेम्पो आदि सम्झनु पर्दछ ।

ग) रुट अनुमती तथा भाडादर निर्धारण समिति भन्नाले कार्यविधीको बुँदा नं ६ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

घ) सवारी धनी भन्नाले प्रचलित कानून बमोजिम सवारी साधन सञ्चालन गर्न अनुमती पत्र प्राप्त व्यक्ति वा संस्था सम्झनु पर्नेछ ।

ङ) नगरप्रमुख भन्नाले पुतलीबजार नगरपालिको प्रमुखलाई संझनु पर्दछ ।

च) कार्यालय प्रमुख भन्नाले यस नगर कार्यपालिकाका प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

छ) रुट ईजाजत पत्र भन्नाले यस कार्यविधीको बमेजिमको ईजाजत पत्र सम्झनु पर्दछ ।

झ) भाडादर भन्नाले नगरकार्यपालिकाले तोकेको भाडादर सम्झनु पर्दछ ।

## परिच्छेद-२

### ३) रूट इजाजत तथा खारेजी सम्बन्धी व्यवस्था :

१) अनुमती विना सञ्चालन गर्न नपाईने :

क) यस नगरपालिका क्षेत्रमा यो कार्यविधी बमोजिम अनुमति पत्र नलिई कुनै पनि सवारी साधन संचालन गर्न पाईने छैन । सवारी साधन संचालन गर्न चाहने सवारी धनीले अनुसुची १ बमोजिमको ढाँचामा कार्यालय प्रमुख समक्ष निवेदन दिनु पर्नेछ ।

ख) निवेदन प्राप्त भए पश्चात आवश्यक सामान्य प्रशासनिक कारवाहीको लागि सडक तथा वस्ती विकास शाखा अर्न्तगत मेकानिकल उप शाखामा जाँचबुझको लागि पठाईनेछ । उक्त उपशाखा गठन नभएसम्मका लागि सो कार्य प्रशासन उपशाखाले गर्नेछ ।

२) आवश्यक कागजात पेश गर्नुपर्ने :

सवारी साधन संचालन गर्न चाहाने सवारीधनीले निवेदनका साथमा निम्न कागजात संलग्न पेश गर्नुपर्ने छ ।

क) सवारी साधन धनी व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

ख) सवारी साधन धनी कुनै संस्था भएमा फर्मको, दर्ता प्रमाणपत्र, भन्सार पास, मूल्य अभिवृद्धि कर दर्ता तथा करचुक्ता र नविकरणको प्रमाण/निस्सा

ग) सवारी साधन दर्ता प्रमाण (बील बुक)

घ) सवारी चालकको नियुक्ती पत्र (लाइसेन्स सहित)

ङ) तेस्रो पक्ष बिमा, यात्रु विमा गरेको प्रमाण/निस्सा तथा अन्य आवश्यक कगजातहरु ।

३) इजाजत पत्र दिन सकिने :

नियमानुसार पेश भएको निवेदनलाई कार्यालयले रुट इजाजत तथा भाडादर निर्धारण समितिमा पेश गर्नेछ ।समितिले यातायातको वर्तमान अवस्था, आवश्यकता, औचित्यता, सर्वसाधारणलाई पुग्ने सुविधा आदि विषय बुझी आवश्यक ठानेमा इजाजत दिन कार्यालयलाई लेखी पठाउन सक्नेछ र प्रमुख प्रशासकीय अधिकृतवाट अनुसूची २ बमोजिम सवारी रुट ईजाजत पत्र दिनु पर्नेछ ।

### ४) रूट ईजाजत नविकरण सम्बन्धी व्यवस्था :

सवारी धनीले प्रत्येक छ महिनामा निम्न दरको दस्तुर तिरी सवारी रुट ईजाजत नविकरण गर्नुपर्ने छ ।

गर्न पनेछ । (क) रिक्सा, रु १००० (ख) अटो रिक्सा, रु. ३००० (ग) टेम्पो रु ३०००। (घ) ई रिक्सा, रु. १५००।

### ५) इजाजत पत्रको खारेजी :

सवारी धनी तथा सवारी चालकले यस कार्यविधि विपरित कार्य गरेमा तथा प्रचलित अन्य यातायात व्यवस्था सम्वन्धित कानून उलङ्घन गरेमा समितिबाट लेखी आएका सवारी साधनको इजाजत पत्र प्रमुख प्रशासकीय अधिकृतले खारेजी गर्ने छ र सोको अभिलेख अद्यावधिक गर्न लगाउनेछ । खारेजी गर्नु अघि सम्वन्धित सवारी धनीलाई सफाईको पेश गर्ने मौका दिईनेछ ।

# परिच्छेद-३

६) **रुट इजाजत तथा भाडा दर निर्धारण समिति सम्बन्धी व्यवस्था :**

१) रुट ईजाजत तथा भाडादर निर्धारण सम्बन्धी शिफारिस गर्न देहाय बमोजिम समिति रहेको छ ।

संयोजक: नगर उपप्रमुख

सदस्य : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : संयोजक, पूर्वाधार विकास समिति

सदस्य : नगर प्रमुखवाट मनोनित कार्यपालिकाका १ जना महिला सदस्य

सदस्य: जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि १ जना .

सदस्य: कानून शाखा प्रमुख

सदस्य : सवांरी धनी मध्येबाट नगर कार्यपालिकाले तोकेको प्रतिनिधि १ जना

सदस्य : संघीय वा प्रादेशिक सरकारको स्थानीय ट्राफिक प्रहरी कार्यालयको प्रमुख

सदस्य : उपभोक्ता मध्येवाट नगर कार्यपालिकाले तोकेको प्रतिनिधी १ जना

सदस्य सचिब : योजना,अनुगमन तथा प्रशासन शाखा प्रमुख ।

२) समितिको वैठकमा सरोकार ब्यक्ति वा पदाधिकारीलाई वैठकमा आमन्त्रण गर्न सकिनेछ ।

३) रुट निर्धारण क्षेत्र र भाडादर अनुसूची ३ मा उल्लेख गरिएको छ ।

७) **रुट ईजाजत तथा भाडादर निर्धारण समितिको काम कर्तव्य अधिकार :**

रुट ईजाजत तथा भाडादर निर्धारण समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्रचलित संघीय कानूनको प्रतिकूल नहुने गरी शहरी सडकहरुको भाडा दर निर्धारण गरी नगर कार्यपालिकामा पेश गर्ने ।

(ख) कानून बमोजिमका मापदण्ड पुरा गरेका सवारी धनीलाई बुदाँ नं ३ को उपबुँदा ३ बमोजिम गारी चाप, यात्रीको चाप लगाएतका कुराहरु मुल्याङ्कन गरी रुट ईजाजत शिफारिस गर्ने ।

(ग) रुट इजाजत परिर्वन गर्न चाहने सवारी धनीलाई बुदाँ नं ३ को उपबुँदा ३ बमोजिम मूल्याङकन गरी अनुमती सिफारिश गर्ने ।

(घ) कार्यविधी उलङ्घन गर्ने सवारी साधानको रुट ईजाजत खारेज गर्ने लगायतका अन्य कानूनी कारवाहीको लेखी पठाउने ।

(ङ) नगर कार्यपालिकाले तोकिएका र अन्य उपयुक्त कार्य गर्ने ।

## परिच्छेद-४

८) **सवारी साधन धनी/सञ्चालक तथा चालकको काम कर्तब्य :**

क) सवारी साधन चालकका कामकर्तब्य देहाएबमोजिम हुनेछन् ।

(१) नगर कार्यपालिकावाट स्वीकृत भाडा दर सवारी साधनमा सवैले देख्ने गरी राख्नु पर्नेछ ।

२) स्वीकृत भाडा दर भन्दा बढी भाडा लिन पाईने छैन, लिएको पाईएमा ईजाजत पत्र, रुट ईजाजत खारेज लगाएतका कानूनी कारवाही गरिने छ ।

३) सिटमा निर्धारित संख्या भन्दा बढी यात्रु चढाउन पाईने छैन, यस्तो कार्य गरेको पाईएमा निर्णय बमोजिमको जरीवाना गरी ईजाजत पत्र, रुट ईजाजत खारेज लगाएतका कानूनी कारवाही गरिने छ ।

४) यात्रुहरुसँग सरल र नम्र व्यवहार गर्नु पर्नेछ ।

५) तोकिएको रुटमा मात्र सवारीसाधन सञ्चालन गर्नुपर्ने छ ।

६) सवारी साधनहरुलाई सडक तथा सार्वजानिक स्थल अवरोध नहुने गरी निर्धारित पार्किङ स्थल वा नीजि ग्यारेजमा राख्नु पर्नेछ ।

७) सावारी साधन सञ्चालन गर्दा सृजन हने फोहोरमैला तोकिएको स्थानमा मात्र बिसर्जन गर्न पर्ने छ ।

ख)सवारी धनीका काम कर्तब्य देहाए बमोजिम हुनेछन् ।

- निवेदन साथ तोकीएका आवश्यक कागजात पेश गर्नुपर्नेछ
- सवारी चालकलाई तोकिएको भाडादर मात्र लिन लगायनु पर्नेछ ।
- भाडा दर यात्रुले देख्ने गरी सवारी साधनमा राख्नु/राख्न लगाउनु पर्नेछ ।
- तोकीएको रुटमा मात्र सवारी चलाउनु/चलाउन लगाउनु पर्नेछ ।
- नगरपालिकावाट तोकिएको रुट ईजाजत दर्ता तथा नविकरण दस्तुर समयमा नै बुझाउनु पर्नेछ ।
- सवारी चालक, यात्रु तथा तेस्रो पक्ष विमा गराउनुपर्नेछ ।
- सवारी साधनहरुलाई सडक तथा सार्वजानिक स्थल अवरोध नहुने गरी निर्धारित पार्किङ स्थल वा नीजि ग्यारेजमा राख्नु पर्नेछ ।

## परिच्छेद-५

**९) दण्ड सजाय सम्बन्धी व्यवस्था :**

१५) यस कार्यविधी बमोजिम रुट अनुमती नलिई र नवीकरण नगरी कसैले सवारी साधन संचालन गरेकोले समितिबाट लेखी आएमा प्रमख प्रशासकीय अधिकृतले पटकै पिच्छे रु ५,०००। सम्म जरिवना गर्न सक्नेछ ।

१६) तोकिए बमोजिमको भाडा दर भन्दा वढी भाढा लिएमा प्रमुख प्रशासकिय अधिकृतवाट पटकै पिच्छे रु ३,०००। सम्म जरिवाना गर्न सक्नेछ ।

१७) प्रमुख प्रशासकिय अधिकृतवाट भएको जरिवाना तथा कारवाहीमा मा चित्त नबुझेमा नगरप्रमुख समक्ष निवेदन दिन सक्नेछ नगर प्रमुखको निर्णय नै यस कार्यबिधिको व्यवस्थाको लागि अन्तिम हुनेछ ।

## अनुसूची-१

**परिच्छेद २ को बुँदा नं ३ को उपबुँदा १ संग सम्बन्धित**

मिति:..........................

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
पुतलीवजारनगर कार्यपालिका कार्यालय, स्याङ्जा ।

### विषय : सवारी रूट अनुमति पाउँ ।

उपरोक्त विषयमा देहाय बमोजिम विवरण भएको मेरो /हाम्रो नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको रिक्सा, ई रिक्सा, अटो रिक्सा टेम्पो निम्न रुटमा संचालन गर्न अनुमति पाउन दरखास्त वापत रु १०००। को रसिद संलग्न राखी निवेदन गरेको छु /छौं ।

**सवारी साधानको विवरण :**

सवारी साधनको किसिम :
सवारी दर्ता नं र दिने कार्यालय ::
चेसिस नं :
ईन्जिन नं :
मोडल :
वनेको साल :
यात्रु सिट संख्या :

**सवारी धनीको विवरण :**

नाम :
ना.प्र.प्र नं:
ठेगाना :
संस्था भए दर्ता विवरण:

**संचालन गर्न माग गरेको रुट :**

**संलग्न कागजात :**

प्रचलित ऐन कानूनमा व्यवस्था भएका सम्पूर्ण प्रावधानहरु पालना गरी सवारी व्यवसाय संचालन गर्नेछु । यसमा लेखिएको व्यहोरा ठीक साँचोछ । झुट्ठा ठहरेमा ऐन कानून बमोजिम सहुला बुझाउला ।

आवेदकको नाम :
दस्तखत :
मिति :

# अनुसूची-२

## परिच्छेद २ को बुँदा नं ३ को उपबुँदा ३ सँग सम्बन्धित

पुतलीवजार नगरपालिका
नगर कार्यपालिका कार्यालय
स्याङजा

ईजाजत पत्र नं                                                              मिति .......................

श्री .............................................

.............................................

...भाइको नाममा दर्ता श्रेस्ता भएको देहायको विवरण भएको सवारी साधानलाई आ.व.......को लागि देहायको रुटमा सवारी साधान संचालन गर्ने रुट ईजाजत दिईएकोछ । प्रचलित ऐन कानूनको अधीनमा रही सवारी संचालन गर्नु हुन अनुरोध छ ।

**सवारी साधानको विवरण :**

सवारी साधनको किसिम :
सवारी दर्ता नं र दिने कार्यालय ::
चेसिस नं :
ईन्जिन नं :
मोडल :
वनेको साल :
यात्रु सिट संख्या :

**सवारी धनीको विवरण :**

नाम :
ठेगाना :
संस्था भए दर्ता विवरण:

**संचालन गर्न अनुमति दिएको रूट :**

**संचालन गर्न अनुमति दिएको अवधि:** ..............देखि ...........सम्म

**रूट ईजाजत पत्र प्रदान गने अधिकारीको**

दस्तखत
नाम :
पद :
मिति :

# अनुसूची-२

## परिच्छेद २ को बुँदा नं ३ को उपबुँदा ३ सँग सम्बन्धित

पुतलीवजार नगरपालिका
नगर कार्यपालिका कार्यालय
स्याङजा

ईजाजत पत्र नं                                                   मिति .......................

श्री ..............................................

..............................................

...भाइको नाममा दर्ता श्रेस्ता भएको देहायको विवरण भएको सवारी साधानलाई आ.व.......को लागि देहायको रुटमा सवारी साधान संचालन गर्ने रुट ईजाजत दिईएकोछ । प्रचलित ऐन कानूनको अधीनमा रही सवारी संचालन गर्नु हुन अनुरोध छ ।

**...वारी साधानको विवरण :**

सवारी साधनको किसिम :
सवारी दर्ता नं र दिने कार्यालय ::
चेसिस नं :
ईन्जिन नं :
मोडल :
वनेको साल :
यात्रु सिट संख्या :

**सवारी धनीको विवरण :**

नाम :
ठेगाना :
संस्था भए दर्ता विवरण:

**...चालन गर्न अनुमति दिएको रूट :**

**...चालन गर्न अनुमति दिएको अवधि:** ..............देखि ...........सम्म

**रूट ईजाजत पत्र प्रदान गने अधिकारीको**

दस्तखत
नाम :
पद :
मिति :

# अनुसूची-३

## परिच्छेद २ को बुँदा नं ६ को उपबुँदा ३ सँग सम्बन्धित

| विवरण | सडकको किसिम | तीन कि.मि. सम्मको भाडा दर रु | तीन कि.मि. भन्दा माथि प्रति कि.मि.को भाडा दर रु |
|---|---|---|---|
| टेम्पो, अटोरिक्सा, ई.रिक्सा | पक्की | बीस रुपैयाँ | ६ रुपैयाँ |
| टेम्पो, अटोरिक्सा; ई.रिक्सा | कच्ची | तीस रुपैयाँ | नौ रुपैयाँ |

आज्ञाले,
रुद्र बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत